नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सडक विभाग

हेभी इक्विप्मेन्ट डिभिजन, काठमाडौं

सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रीको बोलपत्र आव्हानको सुचना

सूचना नं.- ०१

प्रथम पटक प्रकाशित मितिः२०८३/०७/११

यस डिभिजनमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा खुल्ला बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्रको दस्तुर तथा धरौटी राखी १६ औं दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा पेश गर्नु हुने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

१. लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य भ्याट बाहेक ने.रू. ६,४०,२१८.०० (अक्षरुपी छ लाख चालिस हजार दुई सय अठार रुपैया मात्र) कायम गरिएको छ जसमा कबोल गरेको कूल जम्मा रकममा मूल्य अभिबृद्दि कर (भ्याट) अतिरिक्त लाग्नेछ ।

२. बोलपत्र फाराम पाउने स्थान र बोलपत्र पेश गर्ने स्थानः- हेभी इक्विप्मेन्ट डिभिजन, काठमाडौं।

३. बोलपत्र फाराम दस्तुरः- रु.१०००/- (फिर्ता नहुने) बोलपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर को.ले.नि.का.समन्वय कार्यालय, बबरमहलको राष्ट्रिय वाणिज्य बैंक टेकुको खाता नं. १०००१००२०००१०००० , राजस्व शिर्षक अन्य प्रशासनिक सेवा शुल्क नं. १४२२९, हे.ई.डि. काठमाण्डौंको कार्यालय कोड नं. ३३७०१३५१७ मा बुझाएको सक्कलै बैंक भौचर निवेदन साथ आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दस्तुर अन्तिम मिति :- प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म।

५. बोलपत्र पेश गर्नुपर्ने अन्तिम मितिः- प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म ।

६. बोलपत्र खोलिने समय, मिति र स्थानः- १६ औं दिनको दिउंसो २:०० बजे, श्री स.वि.,हे.ई.डि., काठमाडौं ।

७. धरौटी रकम :- कबोल अंकको १०% (भ्याट सहितको)

८. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. :- नेपाल राष्ट्र बैंक, बालुवाटारमा रहेको को.ले.नि.का.समन्वय कार्यालय, बबरमहलको धरौटी खाता नं. १२०१२०००००१००२५२४, हे.ई.डि. काठमाण्डौको कार्यालय कोड नं.३३७०१३५१७

९. बोलपत्र खरिद गर्न इच्छुक व्यक्तिले वा संस्थाले पेश गर्नु पर्ने कागजातहरुः-
   (क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि
   (ख) आ.व. २०८२।०८३ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि
   (ग) व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

१०. बोलपत्र पेश गर्ने अन्तिम दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजेसम्म पेश गर्ने र २:०० बजे खोलिने छ ।

११. बोलपत्र फाराम यस कार्यालयमा पेश गर्नुपर्ने छ, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र पेश नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको ईत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कारबाही हुने छैन ।

१२. माथि उल्लेखित पूराना यान्त्रिक उपकरणहरुको ब्लु बुक र नम्बर नदिने यातायात व्यवस्था कार्यालयबाट नामसारी हुने छैन ।

१३. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार यस डिभिजनमा निहित रहनेछ ।

विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस डिभिजनमा सम्पर्क राख्न सकिनेछ ।